मिति २०७७/६/ ७ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ९०/२०७७ का निर्णयहरूः-

१. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/३६/३१५-२०७७/६/७ को "सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७५ लाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश, २०७७ स्वीकृतीका लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/४४/३१२-२०७७/६/७ को "मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को प्रथम संशोधन स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/४५/३१३-२०७७/६/७ को "सहकारी संघ संस्थालाई अनुदान प्रदान गर्ने (प्रथम संशोधन) कार्यविधि, २०७७ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

४. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/६१/३१४-२०७७/६/७ को "आर्थिक रुपले विपन्न विरामी नागरिक औषधी उपचार आर्थिक सहायता (पहिलो संशोधन) निर्देशिका, २०७७ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

५. माननीय मुख्यमन्त्रीज्यूबाट वैठकमा प्रस्तुत विभिन्न विषयहरुसँग सम्बन्धित मौखिक प्रस्तावका सन्दर्भमा देहाय बमोजिम गर्नेः-

क. "यस वर्षको भिषण वर्षाका कारण सुदूरपश्चिम प्रदेशमा बाढी पहिरोजन्य विपद्बाट मिति २०७७/३/१ गतेदेखि मिति २०७७/६/६ गतेसम्म अछाम जिल्लामा १९ जनाको मृत्यु, ९ जना वेपत्ता, ५० जना घाईते, २२ वटा घर पूर्ण क्षति र ८६ वटा घर आंशिक क्षति सहित १०७ परिवार प्रभावित भएको तथा सोही अवधिमा बाजुरा जिल्लामा ६ जनाको मृत्यू, १ जना वेपत्ता, ४ जना घाईते, ५६ वटा घर पूर्ण क्षति, १८ वटा घर आंशिक क्षति सहित १०८८ परिवार प्रभावित भएको र बाढीले पक्की पुल बगाउँदा बाजुरा जिल्ला सदरमुकाम जोड्ने सडकमार्ग अवरुद्द भएको, त्यसैगरी मिति २०७७/४/१४ गतेको बाढी तथा डुवानबाट कैलाली जिल्लाको भजनी नगरपालिका क्षेत्रमा ३ जनाको मृत्यु, २४१५ घरधुरी प्रभावित भई १६७१ घरधुरी विस्थापित भएको र बझाङ जिल्लाको केदारस्यूँ गाउँपालिका वडा नं. ८ स्थित मल्लेसीमा २०७७/३/१९ गते राती गएको पहिरोबाट ८ जनाको मृत्यु भई २२ घर पूर्ण क्षति भएको र मिति २०७७/५/३ मा सोही जिल्लाको बुङ्गल नगरपालिका वडा नं. ५ को मिडिगाउँमा पहिरोबाट २ जनाको मृत्यू भई १ घर पूर्ण रुपमा क्षति भएको हुँदा अछाम र बाजुरा जिल्ला सहित कैलाली जिल्लाको भजनी नगरपालिका क्षेत्र र बझाङ जिल्लाको केदारस्यूँ गाउँपालिका वडा नं. ८ को मल्लेसी र सोही जिल्लाको बुङ्गल नगरपालिका वडा नं. ५ को मिडिगाउँ क्षेत्रलाई २०७७ असोज मसान्तसम्म लागू हुने गरी विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिदिन नेपाल सरकार समक्ष अनुरोध गर्ने ।"

ख. "मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीको च.नं. ४२, मिति २०७७/६/५ को पत्रसाथ प्राप्त **मुख्य न्यायाधिवक्ताको कार्यालयको आचारसंहिता, २०७७** स्वीकृत गर्ने ।"

६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृत वार्षिक वजेट तथा कार्यक्रमको व.उ.शि.नं.३०१०००११३ अन्तर्गत व्याँस गाउँपालिका विशेष कार्यक्रममा रु. पाँच करोड विनियोजन भएकोमा उक्त रकमलाई देहाय

बमोजिमका क्षेत्र र क्रियाकलापमा खर्च गर्ने गरी बाँडफाँड गरी सम्बन्धित निकाय/स्थानीय तहलाई उपलब्ध गराउनेः-

## "ब्याँस गाउँपालिका विशेष कार्यक्रम"

**"ब्याँस गाउँपालिका विशेष कार्यक्रम"** अन्तर्गत ब्याँस गाउँपालिका वडा नं.१ लाई केन्द्रविन्दुमा राखी उक्त क्षेत्रमा चालु आर्थिक वर्ष २०७७/७८ मा तत्काल सञ्चालन गर्नुपर्ने कार्यक्रमहरु (खाद्यान्न, स्वास्थ्य, सुरक्षा, शिक्षा, कृषि, उद्योग आदि), विनियोजित रकमको बाँडफाँड र जिम्मेवारी बाँडफाँड ।

| क्षेत्र | क्रियाकलाप | लक्षित वर्ग/स्थान | विनियोजित बजेट रु. | कार्यान्वयन गर्ने/ जिम्मेवार निकाय | अख्तियारी/ सशर्त अनुदान |
|---|---|---|---|---|---|
| खाद्यान्न | दुर्गम क्षेत्र खाद्यान्न ढुवानी अनुदान | छाङरू र तिंकर | ४५ लाख | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| | स्थानीय तहको साझेदारीमा सुपथ पसल सन्चालन गर्न घुम्ती कोष (Revolving Fund) अनुदान | छाङरू, तिंकर र सुनसेरा | ३० लाख | ब्याँस गाउँपालिका | सशर्त अनुदानको रुपमा प्रदान गर्ने |
| स्वास्थ्य | घुम्ती स्वास्थ्य शिविर सन्चालन (गर्भवती महिलाको चेकजांच समेत) | छाङरू र तिंकर | २० लाख | सामाजिक विकास मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| | कडा रोग लागेका बिरामीहरूको हेलीकोप्टरबाट उद्धार | छाङरू र तिंकर | १५ लाख | सामाजिक विकास मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| | छाङरू स्वास्थ्य चौकी मर्मत सुधार तथा अत्यावश्यक औषधी र उपकरण खरीद | छाङरू | २५ लाख | सामाजिक विकास मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| | छाङरूमा पन्ध्र सैय्या अस्पतालको सम्भाव्यता अध्ययन | छाङरू र तिंकर | १९ लाख | सामाजिक विकास मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| | तिंकरमा स्वास्थ्य चौकी निर्माण | तिंकर | ३४ लाख | सामाजिक विकास मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| सुरक्षा | विपद व्यवस्थापन सामग्री खरीद | छाङरू र तिंकर | १० लाख | आन्तरिक मामिला तथा कानून मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| | सुरक्षा निकायहरूको भौतिक क्षमता अभिवृद्धिका लागि सहयोग | छाङरू र तिंकर | २४ लाख | आन्तरिक मामिला तथा कानून मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| शिक्षा | सामुदायिक विद्यालयमा पढ्ने बिद्यार्थीहरूलाई छात्रवृति प्रदान | छाङरू र तिंकर | १० लाख | सामाजिक विकास मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| | दुई कोठे विद्यालय भवन निर्माण | छाङरू | ३५ लाख | सामाजिक विकास मन्त्रालय | अख्तियारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रदान गर्ने |
| कृषि | व्यावसायिक पशुपालन (चौरीपालन, भेडापालन, बाख्रापालन इत्यादि ) कार्यक्रम | ब्याँस गाउँपालिका | ३० लाख | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| | रैथाने बाली प्रवर्धन कार्यक्रम (कोदो, फापर, कागुन, जौं इत्यादि) | ब्याँस गाउँपालिका | २५ लाख | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| | प्रांगारिक आलु उत्पादन कार्यक्रम | ब्याँस गाउँपालिका | २० लाख | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| उद्योग | सानो जलविद्युत आयोजना मर्मत सुधार | छाङरू | २० लाख | भौतिक पूर्वाधार विकास मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| | सानो जलविद्युत आयोजना कुलो मरम्मत सुधार | तिंकर | २० लाख | भौतिक पूर्वाधार विकास मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| | रैथाने प्रविधिमा आधारित घरेलु उद्योगको विकास | छाङरू र तिंकर | १० लाख | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| | Homestay प्रवर्द्धन कार्यक्रम अनुदान | छाङरू र तिंकर | ८ लाख | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| अन्य भौतिक पूर्वाधार निर्माण | छाङरूमा वडा कार्यालय भवन निर्माण | छाङरू | ४० लाख | भौतिक पूर्वाधार विकास मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| | छाङरू - सुनसेरा घोडेटो बाटो निर्माण | छाङरू र तिंकर | ३० लाख | ब्याँस गाउँपालिका | सशर्त अनुदानको रुपमा प्रदान गर्ने |
| | छाङरू - कालापानी घोडेटो बाटो निर्माण | छाङरू र तिंकर | ३० लाख | भौतिक पूर्वाधार विकास मन्त्रालय | अख्तियारी प्रदान गर्ने |
| **कुल जम्मा :** | | | **५ करोड** | | |

माथि विनियोजित रकमको बाँडफाँड र जिम्मेवारी बाँडफाँड बमोजिम अख्तियारी दिने तथा रकमान्तर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्ने ।